# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## बुंगल नगरपालिका

बझाङ




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल


# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## बुंगल नगरपालिका

बझाङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## बुंगल नगरपालिका

बझाङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, सुदूरपश्चिम प्रदेश


पत्र संख्याः २०७९।८०
च.नं. ५५२

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगरप्रमुखज्यू
बुंगल नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
बझाङ ।

**कैफियत सहितको राय**

हामीले बुंगल नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.१२ करोड ९२ लाख २९ हजार बेरुजू देखिएको छ। सो सम्वन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २४ लाख ८६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १० करोड ३१ लाख ७४ हजार, नियमित गर्नुपर्ने रु १ करोड ३६ लाख ९८ हजार र पेश्की रू. ९८ लाख ६९ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु २९ करोड ३१ लाख ५२ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ४२ करोड २३ लाख ८१ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

## बुंगल नगरपालिका, बझाङ

# १. चालु वर्षको बेरुजू २०७८।७९

## १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५२ | १३७ | १२९२२९ | ० | ० | ० | ५२ | १३७ | १२९२२९ | २४८६ | १३६९८ | १०३१७४ | ० | ० | ११६८७३ | ९८६९ |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| स्थानीय तह र जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| बुंगल नगरपालिका, बझाङ | २९३१५२ | ० | ० | २९३१५२ | ० | १२९२२९ | ४२२३८१ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : बुंगल नगरपालिका, बझाङ , बुन्गल नगरपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | देवराज जोशी | २०७८-१०-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | गजाधर सार्की | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १२९,२२८,८७९ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | २,६५,६२,३७२.१२ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५६,७५,७८,१८८ | **चालु खर्च** | ५५,०८,५३,४१३.०३ |
| **प्रदेश सरकारबाट अनुदान** | २,१४,३५,००० | **पूँजीगत खर्च** | १४,८१,८४,६७७.५ |
| **राजश्व बाँडफाँट** | १०,०१,०७,७१९ | **वित्तीय/अन्य व्यवस्था** | १६,७४,००,८५१ |
| **आन्तरिक आय** | १,२०,६२,४९२.३८ | | |
| **अन्य आय** | १६,८३,६६,०८२ | | |
| **कुल आय** | ८६,९५,४९,४८१.३८ | **कुल खर्च** | ८६,६४,३८,९४१.५३ |
| **बाँकी मौज्दात** | | २,९६,७२,९११.९७ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ११ वडा, ५७ सभा सदस्य, ४४८वर्ग किलोमिटर क्षेत्रफल तथा ४२ हजार जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>स्थानीय संचित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा साहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८/७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ ।
<table>
<tr><td>सि.नं.</td><td>आय तर्फ</td><td></td><td></td><td>सि.नं.</td><td>व्यय तर्फ</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>विवरण</td><td>रकम</td><td>रकम</td><td></td><td>विवरण</td><td>रकम</td><td></td><td>रकम</td></tr>
<tr><td>१</td><td>गत वर्षको जिम्मेवारी</td><td></td><td></td><td>१</td><td>चालु खर्च</td><td>५५०८५३४१३.०३</td><td>५५०८५३४१३.०३</td><td></td></tr>
<tr><td></td><td>क) नगद</td><td></td><td>२६५६२३७२.१२</td><td>२</td><td>पूँजीगत खर्च</td><td>१४८१८४६७७.५</td><td>१४८१८४६७७.५</td><td></td></tr>
<tr><td></td><td>ख) बैंक (संचित कोष )</td><td>२२०८९०८५.१२</td><td></td><td>३</td><td>गरिबसँग बिशेस्वर</td><td>६७३०००</td><td>६७३०००</td><td></td></tr>
<tr><td></td><td>ग) प्रकोप व्यबस्थापन</td><td>१५२३२८७</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>घ ) बिबिध</td><td>२९५००००</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | राजस्व (आन्तरिक आय) | | | | क) ऋण भुक्तानी | | | |
| | क) आन्तरिक राजस्व | १२०६२४९२.३८ | ११४५४५९७६.३८ | | ख) ब्याज भुक्तानी | | | |
| | ख) राजस्व बाँडफाँड | १००१०७७१९ | | | ग) अन्य भुक्तानी | | | |
| | ग) अन्य आय (सडक बोर्ड ) | २३७५७६५ | | ४ | लगानी | | | |
| ३ | वित्तीय हस्तान्तरण | | ५६७५७८१८८ | | ऋण लगानी | | | |
| | क) वित्तीय समानीकरण अनुदान | १५४५००००० | | | शेयर लगानी | | | |
| | ख) सशर्त अनुदान | ४१३०७८१८८ | | | अन्य लगानी | | | |
| | ग) समपूरक अनुदान | | | ५ | धरौटी फिर्ता | ६५३८१५ | ६५३८१५ | |
| | घ) विशेष अनुदान | | | ६ | सामाजिक सुरक्षा | १४१७२४२२४ | १४१७२४२२४ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ७ | स्वास्थ्य पुर्बधर | २२९३६००० | २२९३६००० | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | ८ | मौज्दात | | २९६७२९११.९७ | |
| | क) वित्तीय समानीकरण अनुदान | ११४२०००० | २१४३५००० | | क) संचित कोष | २५६३०३४६.९७ | | |
| | ख) सशर्त अनुदान | ५०१५००० | | | ख)धरौटी | ३२७८ | | |
| | ग) समपूरक अनुदान | | | | ग)प्रकोप | १०८९२८७ | | |
| | घ) विशेष अनुदान | ५०००००० | | | घ)बिबिध | २९५०००० | | |
| | ङ) कोभिड विशेष | | | | | | | |
| ५ | अन्तर सरकारी | | | | संचित कोष | | | |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | | | | मर्मत सम्भार कोष | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | क) ऋण प्राप्ति | | | | विपद व्यवस्थापन | | | |
| | ख) साँवा प्राप्ति | | | | कर्मचारी कल्याण कोष | | | |
| | ग) ब्याज प्राप्ति | | | | | | | |
| | घ) अन्य प्राप्ति | | | ९ | ससर्त अनुदान फिर्ता | १४१३८१२ | १४१३८१२ | |
| ८ | विभिन्न कोषतर्फको आय | | | | | | | |
| ९ | गरिब संग विशेश्वर | ६७३००० | १६५९९०३१७ | | | | | |
| १० | सासु रकम | १४१७२४२२४ | | | | | | |
| ११ | धरौंटी आय | ६५७०९३ | | | | | | |
| १२ | स्वास्थ्य पूर्वाधार | २२९३६००० | | | | | | |
| १३ | अन्य विविध आय | | | | | | | |
| | जम्मा | | ८९६१११८५४ | | जम्मा | | ८९६१११८५४ | |

| | | | | |
|---|---|---|---|---|
| ३ | | | **लेखापरीपक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा राष्टिय वाणिज्य वैक शाखा वझाङ मा भौचर न १०६९७२७०।०७९।६।९ मा दैनिक भ्रमण खर्च लिएको अवधिमा स्थानिय भत्ता कट्टा नगरेको रु १३८०५० दाखिला भएको छ । | |
| ४ | | | **जिम्मेवारी फरक परेको** - जिम्मेवारी फरक परेको—स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु ६५९००५१३।९५ जिम्मेवारी सार्नुपर्नेमा रु २६५६२३७२।१२ जिम्मेवारी सारेको छ ।सार्नु पर्ने भन्दा घटि जिम्मेवारी सारेको रु ३९३३८१४१।८३ | ३९,३३८,१४२ |
| ५ | | | **वैंक हिसाव विवरण** - आर्थिक वर्षको अन्त्यमा वाकि देखाएको मौज्दात रु २९६७२९११।१७ वैक हिसाव विवरण पेश हुन नसकेकोले वैकमा कति रकम रहेको एकिन गर्न सकिएन । | |
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो। • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको। • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । • अधिकांश गोश्वारा भौचर कार्यालय प्रमुख र लेखाप्रमुख वाट सदर गरेको पाइयन । • पालिका द्धारा सञ्चालित विकास निर्माण सम्वन्धी योजनाहरुको स्थलगत अवलोकन नगरिएकोले कार्यान्वयन भएका योजनाको वास्तविक अवस्थाको सम्वन्धमा एकिन हुन सकिएन । • पालिकाले आफ्नो सवै आर्थिक कारोवार समावेश हुने गरी एकीकृत वार्षिक आय व्ययको विवरण तयार गर्नु पर्नेमा उक्त विवरण तयार गरेको नपाइएकोले पालिकाको यथार्थ आय व्ययको एकिन गर्न सकीएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन • सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः | |

| | | | | |
|---|---|---|---|---|
| | | | पालना भएको पाईएन। • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ५१ जनाको दरबन्दी रहेकोमा २६ दरबन्दी रिक्त रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगराई तलब भत्ता खर्च लेखेको पाइयो । निजामती सेवा ऐन अनुसार तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७ | | | **अनुदान फिर्ता** -संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले संघिय सरकार शसर्त अनुदान तर्फ खर्च नभइ वाकि रहेको रु ७०९१६०१।९७ लेखापरीक्षणको अवधि २०७९।६।१० सम्म पनि फिर्ता गरेको छैन। खर्च नभइ वाकि रकम फिर्ता हुनुपर्ने रु | ७,०९१,६०२ |
| ८ | | | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले २०७७।३।१० गते रु. ८९ करोड ३१ लाख ३५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।६।२२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी २०७८।६।२२ प्रदान गरेको छ ।कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ९ | | | **क्षेत्रगत बजेट र खर्च** -स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| आर्थिक विकास | ३७३९६००० | ३३९३८७९० | ५.८२ |
| सामाजिक क्षेत्र | ३८८८३६०००० | ३७८५६२०५२.५ | ६.४९ |
| पूर्वाधार विकास क्षेत्र | १३९३२१२६५ | १२९०९२४१८.५० | २२.१६ |
| संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३७९५९५०० | ३६७८७२६० | ६.३१ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १३२५३७००० | १२०३३६७८३ | २०.६५ |

| | | | | |
|---|---|---|---|---|
| | | | उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७८।७९ को कूल खर्च मध्ये सबैभन्दा बढी पूर्वाधार विकासमा २२.१६ प्रतिशत र सबै भन्दा घटी संस्था गत विकासमा ६.३१ प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ । | |
| १० | | | **अवण्डा वजेट :** स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा वमोजिम स्थानिय आर्थिक अवस्था समेतको आधारमा वजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधारमा तयार गरी स्रोत अनुमान तथा सिमा निर्धारणका आधारमा अवण्डा राखी आय व्ययको अनुमान पेस गर्नुपर्ने व्ययवस्था छ । यस स्थानिय तहले यो वर्षको रु १ करोड ३० लाख वजेट अवण्डा राखेको छ । उक्त अवण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णय वाट खर्च गरेको छ । वजेट अवण्डामा राखी कार्यपालिकाको निर्णयवाट खर्च गर्ने गर्दा वजेटको सिद्रान्तको पालना नहुने ,जनताको आवश्यकताको र प्राथमिकताको पहिचान नहुने कार्यक्रमको छनौट जथाभावी हुन सक्ने उत्पादनमा वृद हुने कार्यक्रम भन्दा वितरण मुखी कार्यक्रमको छनौट हुन गइ स्रोतको दुरुपयोग समेत हुन सक्ने सम्भावाना रहने हुदा यस्तो प्रक्रियामा नियन्त्रण गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ११ | | | **कानून निर्माण एंव कार्यान्वयन** | |
| ११.१ | | | **कानून र सञ्चालन स्थिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट १९ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस | |

<table>
<tr><td></td><td></td><td></td><td>पालिकाले हालसम्म ४ वटा ऐन 4 वटा नियमावली, ९ वटा कार्यविधि र निर्देशिका १ लगायत १९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।</td><td></td></tr>
<tr><td>११.२</td><td></td><td></td><td>न्यायीक समिति — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नभएको र यो बर्ष थप भएको ८ विवाद दर्ता भएकोमा १ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>सम्पत्तिको उपयोग र संरक्षण आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० उपनियम १ मा व्यवस्था भए वमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसमानको अवस्था वारे कार्यालय प्रमुखले एक वर्षमा कम्तिमा एक पटक आफै वा त्यस्तो मालसमान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यस्को प्रतिवेदन लिखितरुपमा लिई राख्ने व्यवस्थाछ ।आर्थिक कार्यविधि नियमावली २०६४ कोनियम ५७ (२) मा नियम ५३ बमोजिमको प्रतिवेदनमा उल्लेखित बेकम्मा भई काम नलाग्ने देखिएका मालसामानहरू लिलाम विक्रि गर्ने, मर्मत गर्नुपर्ने वा मालसामानहरू मर्मत गर्ने, आम्दानी नबाँधिएका जति तुरुन्त आम्दानी बाँध्ने कर्तव्य कार्यालय प्रमुख वा निजले तोकेको अधिकारीको हुनेछ भन्ने उल्लेख छ । । नियमावलिमा भएको व्यस्थालाइ कार्यान्वियन गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>कल्याण कोष – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कुनैं रकम ट्रान्सफर गरेको छैन ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>सेवाप्रवाहको स्थिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ ।<br><table>
<tr><th>विवरण</th><th>सिफारिस भएको संख्या</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td></td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>१३६०</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>मृत्युदर्ता</td><td>९६</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>४३</td></tr>
<tr><td>विवाह दर्ता</td><td>२१५</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>०</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>३० कि मि</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>५५ कि मि</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>कर्मचारी करार—स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न पदमा ९२ जना कमर्चारीहरुलाई करारमा राखी रु.१ करोड २५ लाख ४५ हजार खर्च लेखेको छ ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>कोभिड-१९ को महामारी बाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यक्रम -कोभिड-१९ को महामारी बाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ मा व्यवस्था भए बमोजिम कोभिडको प्रभाव बाट रोजगारी र आय आर्जनको अवसर गुमाएका अनौपचारिक तथा सङ्गठित क्षेत्रमा रहेका अतिविपन्न परिवारको तत्कालको न्यूनतम आधारभूत आवस्यकता पुरा गर्न नगद राहत उपलब्ध गराउने नेपाल सरकारको कार्यक्रम अनुरुप यस पालिकालाई १०१४ परिवारलाई जम्मा १ करोड १ लाख ४० हजार निकासा प्राप्त भएको छ।
<table>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td>वडा न.</td><td>परिवार/व्यक्तिसख्या</td><td>प्रति व्यक्ति रु</td><td>वितरण जम्मा रकम</td></tr>
<tr><td>१</td><td>९२</td><td>रु. १००००</td><td>९२००००</td></tr>
<tr><td>२</td><td>७६</td><td>रु. १००००</td><td>७६००००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>५४</td><td>रु. १००००</td><td>५४००००</td></tr>
<tr><td>४</td><td>१२९</td><td>रु. १००००</td><td>१२९००००</td></tr>
<tr><td>५</td><td>१०६</td><td>रु. १००००</td><td>१०६००००</td></tr>
<tr><td>६</td><td>१८७</td><td>रु. १००००</td><td>१८७००००</td></tr>
<tr><td>७</td><td>१०१</td><td>रु. १००००</td><td>१०१००००</td></tr>
<tr><td>८</td><td>९८</td><td>रु. १००००</td><td>९८००००</td></tr>
<tr><td>९</td><td>३३</td><td>रु. १००००</td><td>३३००००</td></tr>
<tr><td>१०</td><td>३७</td><td>रु. १००००</td><td>३७००००</td></tr>
<tr><td>११</td><td>१०१</td><td>रु. १००००</td><td>१०१००००</td></tr>
<tr><td>जम्मा</td><td>१०१४</td><td></td><td>१०१४००००</td></tr>
</table>
कार्यविधिमा भएको व्यवस्था अनुरुप लाभग्राही लाई बैङ्क खातामा रकम जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा वडा नं. १ वाहेक अन्य सवै (२ देखी ११) वडालाइ नगद हस्तान्तरण गरेको देखिन्छ पालिकाले कार्यविधिमा भएको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>खरिद इकाइ र खरिद योजनाः सार्वजनिक खरिद ऐन २०६३, को दफा ६ र नियमावली २०६४ को नियम (७),(८) र १६ अनुसार गठन गरी रु.१० लाख भन्दा माथि खरिद गर्न पर्ने भएमा वार्षिक खरिद योजना र रु.१० करोड भन्दा बढी खरिद गर्नु पर्ने भए खरिदको गुरु योजना (Master Procurement Plan) स्वीकृत गराउनु पर्ने र खरिदको गुरु योजना प्रत्येक आर्थिक वर्षमा अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । कार्यालयले खरिद इकाइ गठन गरेतापनि वार्षिक खरिद योजना र खरिदको गुरुयोजना बनाउने तथा कार्यक्रम संशोधन सँगै वार्षिक रुपमा अद्यावधिक गर्ने कार्य गरेको देखिएन ।यस सम्बन्धमा गत वर्ष पनि औंल्याइएकोमा सुधार गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>खाना तथा विविध खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. ४१५२५२२।०० खर्च गरेको छ । यस प्रकारको खर्च यथाशिघ्र नियन्त्रण गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>आर्थिक सहायता</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | आर्थिक सहायता— स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मास्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु ५९ लाख २ हजार आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ । | |
| २० | | | **नापी किताबः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) को खण्ड ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले मेजरमेन्ट बुकलाई लुज सिटको रुपमा तयार गरी रकम भुक्तानी गरिने विलमा संलग्न राख्ने गरेकोले दोश्रो तथा सो भन्दा पछाडीको रनिङ विल भुक्तानीमा नापी किताब अनुसारको खर्च, कट्टी र खुद भुक्तानी रकम भिडान गर्न सकिने अवस्था रहेन । यसबाट अघिल्लो रनिङ विलको भुक्तानी कटाउन छुट हुन गई दोहोरो भुक्तानी हुन सक्ने जोखिम रहेको छ । अतः दुई वा दुई भन्दा बढी रनिङ विल हुने निर्माण कार्यको रनिङ विलको अनिवार्य रुपमा नापी किताब (Measurement Book_) नै तयार गराई निर्माण कार्यको नापजाँचलाई दुरुस्त र प्रभावकारी बनाइनु पर्दछ । | |
| २१ | | | **शिक्षक दरवन्दी —** नगरपालिकाले शिक्षा नियमावली अनुसार शिक्षक दरवन्दी मिलान गर्नुपर्दछ । कार्यालयले जिल्ला शिक्षा तथा समन्वय इकाइले उपलब्ध गराएको विवरण अनुसार प्रा.वि., नि.मा.वि., र मा.बि. का स्थायी, अस्थायी र राहात दरवन्दी शिक्षक, विद्यार्थी संख्या र भौतिक पूर्वाधारलाई यकिन गरी दरवन्दी मिलान गरेको देखिएन । अतः यसरी दरवन्दी मिलान वेगर नगरपालिकाले गरेको शिक्षक तलब निकासा वास्तविक छ भनी आश्वस्त हुन सकिएन। | |
| २२ | | | **सामुदायीक विद्यालयको गुणस्तर** - स्थानीय सरकार सञ्चालन ऐन,2074 को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ । नगरपालिकाले आ. व. २०७८।७९ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन । नगरपालिकाले आफ्नो अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| २३ | | | **विद्यालयगत निकासा खाताः** कार्यालयले विद्यालयलाई दिएको चौमासिक निकासाको विद्यालयगत निकासा अभिलेख खाता राखेको हुनु पर्दछ । कार्यालयले विद्यालयगतलाई दिएको निकासाको विद्यखलयगत निकासा अभिलेख खाता राखेको देखिएन । यसबाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ । अतः विद्यालयगत निकासा खाता राखि दोहोरो निकासाको जोखिम नियन्त्रण गरिनु पर्दछ । | |
| २४ | | | **आन्तरिक लेखापरीक्षण शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने ब्यवस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| २५ | | | **विद्यालय अनुदाान** - कोभिड १९ को कारण उत्पन्न परिस्थितिकमा सिकाई सहजिकरणको लागी विभिन्न ८२ विद्यालयलाई अनुदान वापत रु ३४९०००० निकासा भएको छ । उक्त अनुदानको सदुपयोग सम्वन्धमा पालिकावाट अनुगमन हुनु पर्दछ । | |
| २६ | | | **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ८२ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी १८७, पदपूर्ति १८७ , पदपूर्ति मध्ये करार ३९ र विद्यार्थीको संख्या १३४५२ रहेको देखिन्छ । उल्लेखित दरबन्दी बमोजिम शिक्षक विद्यार्थी अनुपात मिलाएर समायोजन तथा पदपूर्ति गर्नुपर्दछ । | |
| २७ | | | **गैरसरकारी संस्था मार्फत कार्य —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ मा, गैरसरकारी सङ्घ संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक सङ्घ संस्थाले स्थानिय तहसँगको समन्वयमा रही कार्य गर्नुपर्ने र सहकार्यको संयुक्त अनुगमन गरी प्रगति प्रतिवेदन बनाउने व्यवस्था रहेको छ। कार्यालयले विभिन्न कार्यक्रमको लागि गैरसरकारी संस्थासँग सम्झौता गरी विभिन्न कार्यक्रम सञ्चालन वापत गैरसरकारी संस्थालाई संलग्न गराई भुक्तानी गरेको छ । गैरसरकारी संस्थाहरु विषयगत कार्यसंग सम्बन्धित हुन वा हैनन् सो विश्लेषण र गैरसरकारी संस्थाहरुले कार्यक्रम संचालन गर्दा लाभग्राहीहरुको छनोटको आधार एवम् मापदण्ड नबनाई दोहोरो हुनेगरी कार्यक्रम संचालन गरेको नगरेको सम्वन्धमा पालिका वाट प्रभावकारी रुपमा सो को अनुगमन हुनुपर्दछ। | |
| २८ | | | **बैंठक भत्ताः** स्थानीय तहका पदाधिकारी सदस्यको सुविधा सम्बन्धी पहिलो संशोधन ऐन २०७६ को दफा ३ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यले यस ऐनको अनुसूची १ (क), १ ख र १ ग मा उल्लेखित सुविधा उपलब्ध हुने व्यवस्था छ । तर पालिकाले पदाधिकारी सुविधा सम्बन्धी कानूनले तोकेभन्दा बढी दिनको बैंठक भत्ता बापत निम्न पदाधिकारीलाई भत्ता भुक्तानी भएकोले सम्बन्धीतबाट असुल हुनु पर्ने रु १२४१००।०० | १२४,१०० |

(क्र.सं. २७ अन्तर्गतको तालिका)

| गो भौ न | गैरसरकारी संस्था | कार्यक्रम | भुक्तानि |
|---|---|---|---|
| ९२०।०७९।३।५ | नन्देश्वरी शसक्तिकरण महिला समूह | महिलाहरुको क्षमता अभिवृद्रि तालिम सञ्चालन | ५०००००।०० |
| ६७९।०७९।०२।१९ | दलित अधिकार तथा समाज विकास केन्द्र | आरन व्यवस्थापन तालिम सञ्चालन | ७०००००।०० |

| गो भौ नं | नामथर र पद | तोकिएको दिन वार्षिक | वढि दिनको बैंठक संख्या | दर | खुद भुक्तानी |
|---|---|---|---|---|---|
| ६२९।०७९।२।८ | वडा अध्यक्ष विष्णुप्रकाश जोशी | २४ | १८ | १००० | १५३०० |
| | करे बोहरा वडा सदस्य | २४ | १८ | १००० | १५३०० |
| | बनुवा बोहरा वडा सदस्य | २४ | १८ | १००० | १५३०० |
| | | | | | |
| | कल्सी देवि धामी वडा सदस्य | २४ | १८ | १००० | १५३०० |
| | सम्झना देवि कामी | २४ | १८ | १००० | १५३०० |
| जम्मा रकम | | | | | ७६५०० |
| ६६२।२०७९।२।१२ | जयमल धामी वडा अध्यक्ष | २४ | १४ | १००० | ११९०० |
| | कलक बहादुर धामी वडा सदस्य | २४ | १४ | १००० | ११९०० |
| | लाल ब जाग्री वडा सदस्य | २४ | १४ | १००० | ११९०० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>रायमती देवि धामी</td><td>२४</td><td>१४</td><td>१०००</td><td>११९००</td></tr>
<tr><td>कूल जम्मा</td><td></td><td></td><td></td><td></td><td>१२४१००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>राजश्व अभिलेख : कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिका र वडा कार्यालयमा प्रयोग गरेका रसिद ठेली हरु के कति छपाइ एव प्रयोग भए सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी रसिद ठेलिहरु के कति प्रयोग भएका एकिन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यस सम्बन्धमा तहाँ कार्यालयबाटै एकिन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन गर्ने तर्फ विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>राजश्व दाखिला : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत १२ वटा वडा र पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैंक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम नियमावलीको व्यवस्था अनुसार समयमै बैकमा दाखिला गर्ने तर्फ विशेष ध्यान दिनुपर्दछ ।पालिका वाट यस वर्ष निशा सेठ्ठी वोहरा रु ९७११ ,राम वोहरा रु ४२७८१ ,लोकेन्द्र वोहरा रु ५०१८१ ,नरवहादुर पातली रु १२००,लोकराज जोशी रु १३००।००,गरी दाखिला गर्नु पर्ने रु १०५१७३।००
<table>
<tr><td>वडा नं.</td><td>वडा सचिव</td><td>रसिद नगदी लिएको</td><td>रसिद फिर्ता</td><td>मालपोत रसिद लिएको</td><td>मालपोत रसिद फिर्ता</td><td>उठेको राजश्व</td><td>जम्मा बैङ्कमा</td><td>कैफियत</td></tr>
<tr><td>१</td><td>शुवास बोहरा</td><td>६</td><td>६</td><td>१६</td><td>६</td><td>१५९१५७</td><td>१५९५९८</td><td></td></tr>
</table>
</td><td>१०५,१७३</td></tr>
</table>

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | धन बहादुर धामी | ७ | ७ | ७ | ७ | १४३८८७ | १४३८८७ | |
| ३ | लक्ष्मी भक्त जोशी | ७ | ७ | ५ | ५ | ९९२२० | १०२५२० | |
| ४ | राजेन्द्र प्रशाद जोशी | ११ | ७ | ७ | ७ | ९४५८८ | ९७९६८ | |
| ५ | बिनोद प्रशाद भट्ट | ४ | ४ | ३ | ३ | १०८४९३ | १०८४९३ | |
| ६ | राम भण्डारी | ८ | ७ | ४ | १ | ० | १५३२२७ | विवरण नपठाएको |
| ७ | हरी बोहरा | ३ | ३ | ६ | ६ | ११५७८० | ११५७८० | |
| ८ | दिर्घ सिँह कुन्जेडा | १३ | १२ | १३ | ५ | २२३६६४ | २२३६६५ | |
| ९ | जैधन सिँह कार्की | ८ | ७ | ६ | ३ | ९३०८२ | ८०००० | १३०८२ लेखापरीक्षणको क्रममा असुली |
| १० | कल्पना खड्का | ७ | ४ | ८ | ४ | ० | १४३६०८ | विवरण नपठाएको |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | निशा सेट्टी बोहरा | ९ | १२ | १२ | ६ | १०५१७३।०० | विवरण प्राप्त नभएको | १०५१७३।०० |
| बुङ्गल नगरपालिकाको | | | | | | २९२३५० | २९२३५० | ११६००० लेखापरीक्षणको क्रममा असुली |

३१ **नागरिकता न उल्लेख नभएको** - नेपाल सरकारबाट प्रदान गरिने नागरिकतामा नागरिकता प्रमाण नं. अनिवार्य हुने गरि नागरिकता उपलब्ध गराउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा पहिलो, दोस्रो तथा तेस्रो किस्तामा सामाजिक सुरक्षा भुक्तानी गर्दा नागरिकता नं. वेगर भएको देखियो । निम्न वडाका निम्न लाभग्राहीहरुको नागरिकता प्रमाण नं खुलेको बिवरण पेश भएको नदेखीएकोले सो को एकीन हुनुपर्ने रु ११०३३४।००

| वडा नं. :२ | | ना.प्र.नम्बरनभएको लाभग्राहीको विवरण | | |
|---|---|---|---|---|
| **क्रसँ** | **नाम, तर** | **भत्ताकोकिसिम** | **जन्म मिति** | **रकम** |
| १ | ऐतुलि देवीधामी | जेष्ठनागरिकभत्ता (७० वर्ष माथी) | ०४/०७/२००७ | १२००० |
| २ | जसमा देवीधामी | जेष्ठनागरिकभत्ता (७० वर्ष माथी) | ०२/२५/२००३ | १२००० |
| ३ | विरमा देवीधामी | जेष्ठनागरिकभत्ता (७० वर्ष माथी) | ०३/०५/१९८० | १२००० |
| ४ | ललिता देवीधामी | जेष्ठनागरिकभत्ता (७० वर्ष माथी) | ०७/०४/१९९० | १२००० |
| ५ | गणेश धामी | पूर्णअपाङ्गभत्ता | ०७/०५/२०६१ | ११९७० |

| | | | | |
|---|---|---|---|---|
| **जम्मा रकम** | | | | **५९९७०** |
| | | | | |
| | | | | |
| वडा नं. : ६ | | नागरिकता नभएकोलाभग्राहीकोविवरण | | |
| **क्रसँ** | **नाम, तर** | **भत्ताकोकिसिम** | **जन्म मिति** | **रकम** |
| १ | राइमतीधामी | जेष्ठनागरिकभत्ता (७० वर्ष माथी) | ०९/०५/१९९८ | १२००० |
| २ | हर्का देवीसिँह | जेष्ठनागरिकभत्ता (७० वर्ष माथी) | ०१/०७/२००० | १२००० |
| ३ | जसमती देवीधामी | जेष्ठनागरिकएकल | ०७/०५/२०१३ | ७९८० |
| ४ | अस्मिताऐडी | पूर्णअपाङ्गभत्ता | ०२/०७/२०६८ | १२००० |
| ५ | इश्वरिकुमारीधामी | अति असक्तअपाङ्गभत्ता | ०४/११/२०६४ | ६३८४ |
| | **जम्मा रकम** | | | **५०३६४** |

३२ **प्रतिवेदनः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३० मा स्थानीय तहले वितरण गरेको भत्ताको चौमासिक, वार्षिक विवरण अद्यावधिक गरी एमआइएसमा प्रविष्टी गर्नुपर्ने भुक्तानी गरेको रकम र बुझ्नेहरूको नामावली स्थानीय तहका कार्यालयका साथै स्थानीय तहका वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र पहिलो चौमासिक प्रगति विवरण मंसिर ७ गतेभित्र दोस्रो चौमासिकको प्रगति विवरण चैत ७ गतेभित्र र तेस्रो तथा वार्षिक प्रगति विवरण साउन ७ गतेभित्र प्रविष्टी गरिसक्नुपर्ने उल्लेख छ । पालिकाले कार्यविधिमा भएको व्यवस्थालाइ कार्यान्वयन गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

३३ **तथ्यांक अध्यावधिक :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा १९ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैङ्क तथा वित्तीय संस्थाबीच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक

<table>
<tr><td></td><td></td><td></td><td>सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुने उल्लेख छ । कार्यालयले प्रत्येक वर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा प्रथम चौमासिकको एम.आई.एस. अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन ।कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सूचना अद्यावधिक गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>वितरण भरपाइ पेश नभएको सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ परिच्छेद ७ को दफा २५ मा वैङ्कले लाभग्राहिको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहिको नाम,वैङ्क खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसूची १३ वमोजिमको त्रैमासिक रुपमा सम्वन्धित स्थानिय तहलाइ विधुतीय माध्यममा अनिवार्य रुपमा पठाउनुपर्ने व्यवस्था रहेकोमा पालिका वाट यस वर्ष, दोस्रो त्रैमासिक रु ३५४२५३००।०० र तेस्रो त्रैमासिक रु ३५३३८८६२।०० र चौथो त्रैमासिक रु ३५५५२६०२ गरी जम्मा १०६३१६७६४।०० कृ र्षि विकास वैङ्क लि( वडा न १ देखी ११) लाइ निकासा भएकोमा वैक वाट प्राप्त विवरण अनुसार १०४४२०४९३।०० लाभ ग्राहिको खातामा जम्मा गरेको विवरण प्राप्त भएको छ। निकासा रकम मध्ये रु४५६ जनाको रु १८९६२७१ वैकको खातामा मौज्दात रहेको छ । लाभग्राहिको खातामा जम्मा भएको प्रमाण पेश हुनुपर्ने रु</td><td>१,८९६,२७१</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>पदाधिकारी तथा सदस्यहरुको सुविधा -स्थानीय तहका पदाधिकारी सुदूर पश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार यस वर्ष पालिकाबाट गत आ व र यस आ व को गरी देहाय बमोजिम रु ११८४३०००।०० सुविधा वापत भुक्तानी भएको छ ।
<table>
<tr><td>सि.नं</td><td>विवरण</td><td>प्रमुख/</td><td>उपप्रमुख/</td><td>वडाअध्यक्ष.११ जना</td><td>कार्यपालिका सदस्य ८जना</td><td>सभाका सदस्य ३९</td></tr>
<tr><td></td><td></td><td>अध्यक्ष १</td><td>उपाध्यक्ष १</td><td></td><td></td><td>जना</td></tr>
<tr><td>१</td><td>बैठक भत्ता</td><td>२०००</td><td>२०००</td><td>२०००</td><td>२०००</td><td>०</td></tr>
<tr><td>२</td><td>यातायात खर्च</td><td>०</td><td>०</td><td>२५००</td><td>२५००</td><td>०</td></tr>
<tr><td>३</td><td>टेलिफोन, मोबाइल</td><td>७०००</td><td>६०००</td><td>४०००</td><td>३५००</td><td>२०००</td></tr>
<tr><td>४</td><td>पुस्तक, पत्रीका,</td><td>६५००</td><td>५०००</td><td>४०००</td><td>३५००</td><td>२५००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>ईन्टरनेट</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>५</td><td>समन्वय तथा सहजीकरण</td><td>१००००</td><td>९०००</td><td>६५००</td><td>६०००</td><td>४०००</td></tr>
<tr><td>६</td><td>अतिथि सत्कार</td><td>११०००</td><td>१००००</td><td>८०००</td><td>०</td><td>०</td></tr>
<tr><td>७</td><td>खानेपानी/बिजुली/</td><td>४०००</td><td>३५००</td><td>२५००</td><td>२५००</td><td>०</td></tr>
<tr><td></td><td>सरसफाई</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>८</td><td>चाडपर्व खर्च</td><td>४०५००</td><td>३५५००</td><td>२९५००</td><td>१७५००</td><td>९५००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४०५००</td><td>३५५००</td><td>२९५००</td><td>१७५००</td><td>९५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>लेखापरीक्षण हुन नसकेको -पालिकाको ससर्त चालुमा गो भौ उठाई वजेट खर्च चढाएको निम्न गो भौ को लेखापरीक्षण हुन सकेन । उक्त गो भौ को रकम वैक नगदी कितावमा वजेट खर्च जनिय पनि कारणवस चेक काट्न नसकेकोले भुक्तानी भएको छैन भनी पालिकाले जनाएको छ । यस सम्वन्धमा एकिन हुन नसकेको रु
<table>
<tr><td>गो भौ न मिति</td><td>रकम</td></tr>
<tr><td>१५१।२०७९।२।१३</td><td>१००००००</td></tr>
<tr><td>३५२।२०७९।३।२५</td><td>१२०००००</td></tr>
</table>
</td><td>२,२००,०००</td></tr>
<tr><td>३७</td><td>३५२</td><td></td><td>बढि भुक्तानि - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५)अनुसार लेखा राख्दा विल भरपाई सहित राख्नु पर्नेछ । स्रोत व्यक्ति श्री धनकृष्ण रेग्मिलाई २ पटक ०७८/१०/१ - १०/०७ र ०७८/९/१० — ०७८/०९/१४ सम्म चैनपुर भ्रमण गरेबापत रु १७८४०/- भ्रमण खर्च भुक्तानि दिनु पर्नेमा रु ४७३६०/-भुक्तानि दिएको छ । पाउनु पर्ने भन्दा बढी भुक्तानि भएको रकम असुल हुनु पर्दछ रु</td><td>२९,५४०</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>कार्यसमपन्न प्रतिवेदन</td><td>७,०४०,०००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>कार्य समपन्न प्रतिवेदन :- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ उपनियम ११ मा उपभोक्ता समितिले निर्माण कार्यसमपन्न गरि सकेपछी सम्वन्धित निकायले खटाएको प्राविधिक कर्मचारीवाट कामको नापजाच गराई निकायवाट प्राप्त रकम र सहभागितावाट व्यहोरीने रकम समेत कुल रकम खुलाई उपभोक्ता विल कार्यसमपन्न प्रतिवेदन तयार पारी अभिलेख राख्नु पर्ने व्यवस्था छ । न पा ससर्त चालु शिर्शकमा निम्न आधारभुत स्वास्थ्य चौकि भवन निर्माणको लागी गो भा न ३३५।२०७९।३।२५ वाट निम्न उपाभोक्ता समितिलाई भवन निर्माणगर्न भुक्तानी भएकोमा कार्यसमपन्न प्रतिवेदन पेश हुनु पर्ने<br>
<table>
<tr><td>उपाभोक्ता समितिको नाम</td><td>वडा</td><td>रकम</td></tr>
<tr><td>आधारभुत स्वास्थ्य केन्द्र खोल्लेक</td><td>३</td><td>१७६००००</td></tr>
<tr><td>आधारभुत स्वास्थ्य केन्द्र दहझार</td><td>७</td><td>१७६००००</td></tr>
<tr><td>आधारभुत स्वास्थ्य केन्द्र डौड</td><td>१०</td><td>१७६००००</td></tr>
<tr><td>आधारभुत स्वास्थ्य केन्द्र पुनलिलेक</td><td>११</td><td>१७६००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>औषधि खरिद तथा व्यवस्थापन -क औषधि खरिद सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ १ क मा रु. २० लाखसम्मको औषाधिजन्य मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सुचना प्रकासन गरी तोकेको विक्री मुल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लिखित सीमाभन्दा बढीको सोझै खरिद गर्न नहुने उल्लेख छ। पालिकाले यो वर्ष पटक पटक विभिन्न मितिमा सोझै रु २१२०१०१ को औषाधिजन्य मालसामान खरिद गरेको छ ।<br><br>ख पालिकामा आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाणसमावेश नभएको, आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको। तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| ४० | | | **महंगी भत्ता** - नेपाल सरकार अर्थ मन्त्रालय च न १७१९ मिति २०७९।१।२१ को परिपत्र अनुसारकरारमा कार्यरत कर्मचारीलाई महंगीभत्ता दिन नमिल्ने उल्लेख छ । पालिकाले देहायका करार कर्मचारीलाई परिपत्र संग मेल नखाने सम्झौता गरी दिन नमिल्ने महंगी भत्ता भुक्तनी गरेको रु<br><br><table><tr><td>नाम</td><td>पद</td><td>रकम</td></tr><tr><td>हर्क बहादुर बोहरा</td><td>एम आई एस अपरेटर</td><td>२४०००</td></tr><tr><td>अक्कल बहादुर विष्ट</td><td>एम आई एस अपरेटर</td><td>२४०००</td></tr><tr><td>अम्मर बहादुर बोहरा</td><td>फिल्ड सहायक</td><td>२४०००</td></tr><tr><td>जय बहादुर कुवँर</td><td>रोजगार सयोजक</td><td>२४०००</td></tr></table> | २८८,००० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>तिर्थराज जोशी</td><td>सब इन्जिनियर</td><td>२४०००</td></tr>
<tr><td>माधवि विस्ट</td><td>उद्यम सहजकर्ता</td><td>२४०००</td></tr>
<tr><td>सुस्मिता धामी</td><td>उद्यम सहजकर्ता</td><td>२४०००</td></tr>
<tr><td>कमल कुवँर</td><td>ना प्रा स</td><td>२४०००</td></tr>
<tr><td>प्रेम कुवँर</td><td>ना प्रा स</td><td>२४०००</td></tr>
<tr><td>मिना कुमारी गुर्धामी</td><td>ना प्रा स</td><td>२४०००</td></tr>
<tr><td>विर बहादुर पातली</td><td>ना प्रा स</td><td>२४०००</td></tr>
<tr><td>जानकी ओखेडा</td><td>ना प्रा स</td><td>२४०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>अधिल्लो आ व को वाकी भुक्तानी - आर्थिक कार्यविधि नियमावली २०६४ नियम ४० अनुसार भुक्तानि दिन वाकीको कच्चावारी प्रमाणित गराएर अघिल्लो आ ब को भुक्तानि गर्न सकिने व्यवस्था छ । पालिकाले गो भा न १०।२०७८।८।१२ मा वाल विकास सहजकर्ताको पहिलो चौमासिक तलव भूक्तानी गर्दा ६ जना कर्मचारीको ६ महिनाको गत वर्षको तलव समेत भुक्तानी गर्दा भुक्तनी दिन वाकीको कच्चावारी प्रमाणीत नगरी खर्च गरेको रु २८८०००</td><td>२८८,०००</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>सफ्टवेयर खरिद तथा वेब होस्टिंग</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | सफ्टवेयर खरिद पालिकाले ससर्त चालु शिर्षक गो भौ न ३५९ मिति २०७९।३।२५ वाट शिखर टेक प्रालिलाई रु १२००००० भुक्तानी गरेकोमा सो को प्रमाण परीक्षण हुन सकेको छैन । प्राप्त जानकारी अनुसार उक्त रकम विभिन्न विद्यालयको वेव साईट तथा सफ्ट वेयर निर्माण वापत भुक्तानी भएको देखिन्छ । यस सम्वन्धी अन्य वेहोरा निम्न छन । | |
| ४२.१ | | | क खरिद विधि :- लेखापरीक्षणको अवधिमा उक्त प्रमाण कागजातको सक्कल फाईल सिंहदरवार स्थित सुचना प्रविधि केन्द्र काठमाण्डौमा नेपाल डटा सेन्टरमा वेव होस्टिग स्पेश पाउनको लागी पठाईएको रहेछ । सो सस्थालाई छनौट गर्दाको तुलनात्म चार्ट, सम्झौता, खरिद समितिको निर्णय साथै भुक्तानी पाउने कम्पनिको विल पेश हुनुपर्ने रु | १,२००,००० |
| ४२.२ | | | ख अग्रिम कर कट्टा नगरेको उक्त गो भौ वाट व ख भएको सम्पूर्ण रकम भूक्तानी भएको हुदा नियमानुसार १।५ प्रतिशत अग्रीम कर असुल हुनु पर्ने रु | १५,९३० |
| ४३ | | | **जिन्सि दाखिला** - आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ मा आफ्नो कार्यालयमा रहेको खरिद गरि वा कुनै प्रकारले हस्तान्तरण भइ वा वस्तुगत सहायता वा अन्य कुनै प्रकार बाट प्राप्त हुन आएका जिन्सि मालसमानको विवरण र मुल्य समेत खुलाई जिन्सि किताबमा ७ दिन भित्र आमदानी बाधी स्रेस्ता खडा गरि अद्यावधिक गरि राख्नु पर्ने व्यव्वस्था रहेकोमा पालिकाले स्थानीय साझेदारी पूर्वाधार विकास कोष तर्फको सेफ हाउस सञ्चालन गर्न मिति २०७९।०३।१४ गते गो भा नं १५० बाट रु १००००००/- सञ्चालक समितिलाई भुक्तानि गरेकोमा निम्न बमोजिमको खप्ने समान खरिद गरेकोमा जिन्सि खाता राखेको नपाएकोले जिन्सि खातामा अभिलेख राखि प्रमाण पेश गर्नु पर्ने रु<br><br>यस बाहेक नखप्ने प्रकृतिका लगाउने लुगा, बेड - बिस्तारा, भाडा कुडा, खाद्यसामाग्री समेत खरिद गरेकोमा जिन्सि अभिलेख नराख्ने गरिएकोले यस्ता कुरामा नियन्त्रण गर्नुपर्छ । | १३८,२०० |

| क्र स | समानको नाम | परिमाण | रकम |
|---|---|---|---|
| १ | अफिस कुर्षि | १ | ८०००/- |
| २ | स्टिल दराज | १ | ८०००/- |
| ३ | खटिया | १ | ८०००/- |
| ४ | काठको दराज | १ | ८०००/- |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>खटिया काठको</td><td>१</td><td>८०००/-</td></tr>
<tr><td>६</td><td>प्लाष्टिक कुर्षि, स्टुल</td><td>१५</td><td>१०५००/-</td></tr>
<tr><td>७</td><td>स्टिल दराज</td><td>१</td><td>१२०००/-</td></tr>
<tr><td>८</td><td>खटिया</td><td>५</td><td>३५०००/-</td></tr>
<tr><td>९</td><td>टेबुल फ्यान, हिटिङ्ग रड, साउन्ड सिस्टम</td><td>३</td><td>१९७००/-</td></tr>
<tr><td>१०</td><td>टेबुल</td><td>४</td><td>२१०००/-</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१३८२००/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४४</td><td>२१७</td><td>२०७८-१०-१३</td><td>
विल भरपाई पेश हुनुपर्ने - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५)अनुसार लेखा राख्दा विल भरपाई सहित राखु पर्नेछ । पालिकाले २१७/०७८/१०/१३ बाट कोरोना खोप ढुवानी बापत देहाय अनुसारका स्वास्थ्य संस्थालाई रु २७७७८०/- भुक्तानि दिइएको छ । खोप ढुवानी गरेको विल भरपाई स्रेस्ता साथ संलग्न छैन । ढुवानि गरेको विल भरपाई पेश हुनु पर्दछ रु
<table>
<tr><td>१</td><td>दहबगर स्वास्थ्य चौकि</td><td>३७८४०/-</td></tr>
<tr><td>२</td><td>आधारभुत स्वास्थ्य केन्द्र घिरौ</td><td>७३८०/-</td></tr>
<tr><td>३</td><td>खिरातडी स्वास्थ्य चौकि</td><td>३७७४०/-</td></tr>
<tr><td>४</td><td>पिपलकोट स्वास्थ्य चौकी</td><td>४४७४०/-</td></tr>
</table>
</td><td>२६९,९००</td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>५</td><td>कफलसेरी स्वास्थ्य चौकि</td><td>४७१४०/-</td></tr>
<tr><td>६</td><td>देउलिकोट स्वास्थ्य चौकि</td><td>५३१४०/-</td></tr>
<tr><td>७</td><td>आधारभुत स्वास्थ्य केन्द्र खोल्लेक</td><td>१४९८०/-</td></tr>
<tr><td>८</td><td>आधारभुत स्वास्थ्य केन्द्र खर्काबगर</td><td>८१८०/-</td></tr>
<tr><td>९</td><td>सामुदायिक स्वास्थ्य इकाई डौड</td><td>९३८०/-</td></tr>
<tr><td>१०</td><td>सामुदायिक स्वास्थ्य इकाई पातल</td><td>९३८०/-</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२६९९००/-</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>४५</td>
<td></td>
<td></td>
<td>
बढी भुक्तानि भएको - आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियमावली २०७७ को नियम ३९(५)अनुसार भुक्तानि दिदा रित पुगे नपुगेको एकिन गरी भुक्तानि दिनु पर्दछ । पालिकाले निम्न भौ.न मितिमा निम्नानुसार योजनामा Site clearance को प्रति वर्ग मिटरको ३६.८६ भुक्तानि दिएको छ । दर विश्लेषण अनुसार Site clearance को प्रति वर्ग मिटरको ३२.९६ रहेको छ । घर विश्लेषण भाडा प्रति वर्ग मिटर ५३.९० बढी भुक्तानि भएको छ । बढी भुक्तानि भएको रकम असुल हुनुपर्दछ रु
<table>
<tr><th>भौ.न मिति</th><th>योजना</th><th>जम्मा भुक्तानि</th><th>Site clearance</th><th>वढी दर</th><th>वढी भुक्तानि</th></tr>
<tr><td>१५९/०७८/११/८</td><td>बगिरखान चौड सडक निर्माण</td><td>३८००००/-</td><td>८८०० वर्ग मि</td><td>३.९</td><td>३४३२०/-</td></tr>
<tr><td>१६०/०७८/११/८</td><td>बिजगडा खोल्लेक सडक</td><td>२८५०००/-</td><td>९६०० वर्ग मि</td><td>३.९</td><td>३७४४०/-</td></tr>
<tr><td>३५६/०७९/१/२१</td><td>दमौने बिउनाडा सडक</td><td>५७००००</td><td>१४००० वर्ग मि</td><td>३.९</td><td>५४६००/-</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>१२६३६०/-</td></tr>
</table>
</td>
<td>१२६,६६०</td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ४६ | | | **प्रमाणित कच्चावारी वेगर** - कार्यालयले गत वर्षको भुक्तानि दिन बाकि भनि निम्म भौ.न मितिका निम्नानुसार रकम भुक्तानि दिएको छ । गत वर्ष भुक्तानि दिन बाकी को कच्चावारी विवरण प्रमाणित गरी सो विवरण स्रेस्ता साथ संलग्न गरी भुक्तानि दिनुपर्नेमा प्रमाणित कच्चावारी वेगर भुक्तानि दिएको रु | १,८२१,४७० |

| भौ.न मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १५०/०७८/११/६ | फर्निचर खरिद | महेन्द्र नि मा वि | १४२५००/- |
| १५१/०७८/११/१६ | पाताल ट्याकी घेरबार मर्मत | पाताल ट्याकी घेरबार मर्मत | ४७२०००/- |
| १७९/०७८/११/९ | क्वारेन्टाइन खर्च | राम बहादुर भण्डारी | ११७३२०/- |
| १८१/०७८/११/९ | आधुनिक घट्ट निर्माण | आधुनिक घट्ट निर्माण उपभोक्ता समिति | ९५०००/- |
| १८२/०७८/११/९ | सुचना प्रकाशन | सहकार्य मिडिया हाउस | ११८६५०/- |
| १९०/०७८/११/१८ | शिक्षक परीक्षा तयारी | वेटर सोलुसन प्रा लि | ८७६०००/- |
| | जम्मा | | १८२१८४७०/- |

| | | | | |
|---|---|---|---|---|
| ४७ | | | **मु अ कर दर्ता नभएकाबाट काम गराएको** - सडक निर्माणले गर्दा उपभोक्ता समितिले काममा भाडा लिएका स्काभेटर मुल्य अभिवृद्धि करमा दर्ता हुनुपर्नेमा दर्ता नभएका स्काभेटर वाट काम गरिएको प्रति घण्टा रु ४०००/- का दरले इन्धन बाहेक भाडा भुक्तानि भएको छ । उक्त भाडा जिल्ला दर निर्धारण समितिबाट निर्धारण गरिएको पाएन । मु. अ करमा दर्ता नभएका फर्मबाट कार्य गराउदा कर चुहाबाट हुन सक्दछ । पालिकाले यस तर्फ ध्यान दिनु पर्दछ । यसका केहि उदाहरणहरु निम्नानुसार रहेका छन । | |

| भौ.न मिति | योजना | मेसिन | नाम | भुक्तानि रकम |
|---|---|---|---|---|

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२६/०७८/९/३०</td><td>बिउनाडा सडक</td><td>स्काभेटर</td><td>रवि कुवँर</td><td>२२६४५८५/-</td></tr>
<tr><td>८९/०७८/११/१</td><td>झापा देउलिकोट सडक निर्माण</td><td>स्काभेटर</td><td>सुनिल लामेछाने</td><td>१०८७४८७/-</td></tr>
<tr><td>१६६/०७८/११/८</td><td>ईश्वरकाडाँ निजार सडक</td><td>स्काभेटर</td><td>दमन कुवँर</td><td>७८४०००/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४८</td><td>३४१</td><td>२०७८-१२-२६</td><td>जिन्सी किताबमा आम्दानी बाध्नु पर्ने - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७.अनुसार खरिद गरेका जिन्सी सामानहरु ७ दिन भित्रमा जिन्सी किताबमा आम्दानी बाध्नु पर्दछ । पालिकाले छिना, बञ्चरो, बेल्चा, बाकस, फरुवा, सावेल आदि ५४ थरीका सामान खरिद बाफत रोजगार उपभोक्ता समितिलाई रु ३१२००० मा अग्रिमकर रु ४६८० कट्टी गरी रु ३२० भुक्तानी दिएको छ । खरिद गरिएका सामानहरु जिन्सी किताबमा आम्दानी बाधेको छैन । सामान जिन्सी किताबमा आम्दानी नबाधेकोले खरिद गरेको एकीन हुन सकेन</td><td>३१२,०००</td></tr>
<tr><td>४९</td><td>९</td><td>२०७८-९-१८</td><td>कार्य सम्पन्न प्रतिवेदन - नेपाल विद्युत प्राधिकरणलाई नगरपालिका भित्र विद्युतिकरण गर्न भनि भौचर नं. ९/०७८/९/१८ बाट रु ८०००००० अनुदान दिएको छ । कुन कुन स्थानमा विद्युतिकरण गर्नका लागि अनुदान उपलब्ध गराएको हो विवरण संलग्न छैन। विद्युतिकरण कार्यका लागि अनुदान दिदा लागत अनुमान कामको विल भरपाई र कार्य सम्पन्न प्रतिवेदन श्रेष्ता साथ संलग्न हुनुपर्नेमा उक्त कागजात संलग्न छैनन् । उक्त कागजातहरु पेश हुनु पर्दछ रु</td><td>८,०००,०००</td></tr>
<tr><td>५०</td><td>३९५</td><td></td><td>अग्रिम कर अशुल हुनुपर्ने - आयकर ऐन २०५८ को दफा ८९ मा भाडा भुक्तानीमा १० प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने उल्लेख छ । ट्याक्सीगाड देखि सारदा मा वि थल्कोट हुँदै धौलकाडा सम्म बाटो निर्माण वाफत उपभोक्ता समितिलाई ३९५/०७९/३/१४ बाट रु २००६८८१ भुक्तानी दिएको छ । उक्त कामको लागि रु २४६६०४९ लागत अनुमान रहेकोमा रु २४४९४३० को काम सम्पन्न गरेको छ । उक्त काम गर्दा ५०३ घण्टा स्काभेटर प्रयोग गरेको उल्लेख भएतापनि स्काभेटरको विल संलग्न छैन । अन्य कार्य गर्दा स्काभेटर भाडा प्रति घण्टा रु ४००० भुक्तानी हुने गरेको छ । उक्त भुक्तानीमा १० प्रतिशतले हुने अग्रिम कर अशुल हुनुपर्दछ रु</td><td>२००,६८९</td></tr>
<tr><td>५१</td><td></td><td></td><td>वडा कार्यालय भवन निर्माण - वडा नं ६ को भवन निर्माण बापत अमृत कन्स्ट्रक्सनलाई रनिङ्ग बिल नम्बर नखुलाई मु अ कर सहित ३६४/०७८/२/१० बाट रु १६५६६४४/- मा अग्रिम कर रु १९८०३/- कट्टी गरी रु १६३६८४१/- भुक्तानि दिएकोमा निम्नानुसार देखियो ।</td><td></td></tr>
<tr><td>५१.१</td><td></td><td></td><td>क ) फोम सँगको सम्झौता प्रति उपलब्ध नहुदाँ सम्झौता मिति र कार्य सम्पन्न हुने समय एकिन हुन सकेन</td><td></td></tr>
<tr><td>५१.२</td><td></td><td></td><td>ख. सम्झौता प्रति प्राप्त नहुदाँ दर भिडान गर्न सकिएन रु १६५६६४४।</td><td>१,६५६,६४४</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ५१.३ | | | ग. सार्वजिनक खरिद नियमावली २०६४ अनुसार रनिङ्ग बिलको भुक्तानि दिदाँ ५ प्रतिशत धरौटी कट्टी गर्नु पर्नेमा रु ६६००८/- धरौटी कट्टी गरिएको छैन । | |
| ५१.४ | | | रितपूर्बकको कर बिजक — मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायले बिजक मिति उल्लेख नगरी मु.अ.कर रु ३३६४९२/- समेत रु१६५६६४४/ ट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | ३३६,४९२ |
| ५२ | | | **एकिकृत स्वास्थ्य भवन निर्माण** - एकिकृत स्वास्थ्य कार्यक्रम अनतर्गत बुङ्गल नगर पालिकामा १८ शैय्याको अस्पताल संचालन गर्न भवन निर्माणका लागि रु २२९३७०००। बजेट बिनियोजन भएकोमा रु १८८०००००। खर्च भएकोमा निम्नानुसार देखियो । | |
| ५२.१ | | | १ सार्बजनिक खरिद नियमावलि २०६४ को नियम १४ मा लागत अनुमान स्विकृत गर्नुपर्ने ब्यबस्था छ। अस्पताल निर्माणको लागि मु अ कर बाहेक रु १४८७७०४६१।७४ लागत अनुमान तयार भएको छ। लागत अनुमान स्विकृत हुनु पर्नेमा स्विकृत भएको प्रमाण पेश हुन सकेन । | |
| ५२.२ | | | २ भवन निर्माणका लागि हिमालय टायम्समा मित मिति २०७८ जेष्ठ ३१ गते बोलपत्रको सुचना प्रकाशन भएकोमा ९ वटा फर्मले बोलपत्र दर्ता गर्कोमा प्राबिधिक प्रस्ताबमा सबै पास भएको र आर्थिक प्रस्ताबमा सबैभन्दा कम मु अ कर सहित रु १०६२७७९८०।६७ कुमार अमृत जे भि को रहेको छ । उक्त कबोल बाहेक प्रोभिजन सम रु ९६७०५३।८० रहेको छ । | |
| ५२.३ | | | ३ सार्बजनिक खरिद नियमावलि २०६४ को नियम ६७ अनुसार बोलपत्र स्विकृत गर्नु पर्नेमा बोलपत्र स्विकृत गरेको पाईएन । | |
| ५२.४ | | | ४ मु अ कर सहित कबोल रु १०६२७७९८०।६७ मा प्रोभिजन सम रु९६७०५८।८० गरि जम्मा रु १०७२४५०३४।६७ को संझौता फर्म संग गर्नु पर्नेमा मिति मिति २०७८ कार्तिक १४ गते पालिकाले रु ११४६८३५५७।५६ को संझौता गरि कबोल अंक भन्दा बढिको संझौता गरेको रु | |
| ५२.५ | | | ५ १५ महिना भित्र सम्पन्न गर्ने गरि मिति २०७८ कार्तिक १४ गते संझौता गरेकोमा निर्माण ब्यबसायिले लेखापरिक्षणको अवधि २०७९ भाद्र २५ गते सम्म मोबिलाईजेसन पेश्कि बाहेक कुनै पनि रनिङ बिल भुक्तानि लिएको छैन। निर्माण ब्याबसायिले work schedule र कामको भौतिक प्रगति पनि पेश गरेको छैन ।पेश्कि बाहेक कुनै बिल पेश नहुनु र कति भौतिक प्रगति भयो पेश नहुदा कति काम सम्पन्न भयो एकिन हुन सकेन। | |
| ५३ | | | **तलवी प्रतिवेदन** | |

<table>
<tr><td></td><td></td><td></td><td>तलवि प्रतिवेदन पारित नगरेको :- निजामती सेवा ऐन, 2049 अनुसार कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारीत गरी कर्मचारीहरुको तलब खर्च लेख्नुपर्नेमा तलबि प्रतिवेदन पारित नगरी स्वास्थ्य तर्फका कर्मचारीहरुको तलब खर्च लेखेको छ । तलबि प्रतिवेदन पारित गरी तलब खर्च लेख्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>वढी तलव भुक्तानी भएको - बढी तलब भुक्तानिः गो भा न ३०८।०७९।०३।२३ स्वास्थ्य चौकी देउलिकोटमा कार्यरत अनमि सावित्री गिरीको नियुक्ति २०७८।१२।१३ गते भएकोमा माघ,फाल्गुन र चैत्र सम्मको तलब भुक्तानी गरेकोमा वैसाख जेठ अषाढको तलब भुक्तानि गर्दा १ महिना १५ दिनको तलब भुक्तानि भएको हुदाँ ३३ दिनको बढी तलब असुल हुनु पर्ने</td><td>३१,४८२</td></tr>
<tr><td>५५</td><td>६२</td><td>२०७८-८-२४</td><td>कार्य सम्पन्न प्रतिबेदन पेश हुनुपर्ने - आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियामावली २०७७ अनुसार भुक्तानी दिदाँ रित पुगे नपुगेको एकिन गरी भुक्तानी दिनु पर्दछ । पालिकाले जेसिबी र इस्काभेटर सञ्चालनका लागि ६३०० लिटर डिजल खरिद बापत हरि आयल स्टोरलाई रु ७४०२३० भुक्तानी दिइएको छ । जे सि बि र इस्काभेटरमा तेल प्रयोग भएको लगबुक श्रेस्ता साथ संलग्न छैन । खरिद गरिएको तेल बाट के कति परिमाणमा काम सम्पन्न भयो सो को नापी किताब र कार्य सम्मपन्न प्रतिवेदन श्रेस्ता साथ संलग्न हुनु पर्नेमा संलग्न छैन । उक्त कागजातहरु पेश हुनु पर्दछ रु</td><td>७४०,२३०</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>बढि भुक्तानि - कोरोना खोप बिरुदको अभियानमा अनुगमन खटिएबापत देहाएका कर्मचारीलाई देहाय अनुसारको भुक्तानि दिएको छ । अनुगमन खर्च भुक्तानि दिदाँ भ्रमण आदेश अनुसार भुक्तानि दिनु पर्नेमा स्वीकृत आदेश भन्दा बढी दिनको भुक्तानि भएको छ । बढी दिनको भुक्तानि भएको रकम असुल हुनु पर्दछ
<table>
<tr><th>क स</th><th>नाम थर</th><th>स्वीकृत भ्रमण आदेश</th><th>भुक्तानि भएको दिन</th><th>बढी भुक्तानि दिन</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>१</td><td>नि. प्र.प्र.अ भरत बहादुर रोकाया</td><td>७</td><td>५</td><td>२</td><td>१५००</td><td>३०००</td></tr>
<tr><td>२</td><td>ज. स्वा.अ नैन बहादुर सिहँ</td><td>१३</td><td>११</td><td>२</td><td>१५००</td><td>३०००</td></tr>
<tr><td>३</td><td>ले.अ. गजाधर सार्की</td><td>६</td><td>४</td><td>२</td><td>१५००</td><td>३०००</td></tr>
<tr><td>४</td><td>हे.अ बसन्त राज जोशी</td><td>२</td><td></td><td>२</td><td>१२००</td><td>२४००</td></tr>
</table></td><td>६४,८००</td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | हे.अ ललित बाग | २ | | २ | १२०० | २४०० |
| ६ | सि.अ.हे.ब भुमिराज जोशी | ९ | ५ | ४ | १२०० | ४८०० |
| ७ | ज.स्वा.नि नरेश कुवँर | ७ | ३ | ४ | १२०० | ४८०० |
| ८ | अ.हे.ब सुन्दर कुवँर | ८ | २ | ६ | १२०० | ७२०० |
| ९ | ले.पा मुकेश कुमार थापा | ७ | ३ | ४ | १२०० | ४८०० |
| १० | हे.अ सबिन नेपाली | १० | ३ | ७ | १२०० | ८४०० |
| ११ | प्र. नि लोकेन्द्र सिहँ कार्की | ६ | | ६ | १५०० | ९००० |
| १२ | स.ले शेर बहादुर खाती | ८ | | ८ | १२०० | ९६०० |
| १३ | सु.अ रमेश कार्की | २ | | २ | १२०० | २४०० |
| जम्मा | | | | | | ६४८०० |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | |
|---|---|---|---|---|
| ५७ | १०३ | २०७८-९-२३ | **भरपाई पेश हुनुपर्ने** - आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९(५) अनुसार खेला राख्दा बिल भरपाई सहित राखु पर्ने उल्लेख छ। पालिकाले४ वटा हाते टयाक्टर बापत भौ.न १०३/७८/९/२३ बाट रु ३४००००/- खर्च लेखेको छ । खरिद गरिएको टयाक्टर सम्बन्धित किसानलाई बुझाएको भर्पाइ स्रेस्ता साथ संलग्न छैंन । टयाक्टर वितरण भर्पाई पेश हुनु पर्दछ | ३४०,००० |
| ५८ | ६७ | | **स्वीकृत भ्रमण आदेश र विलभरपाई बेगर भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियामावली २०७७ अनुसार भुक्तानी दिदाँ रित पुगे नपुगेको एकिन गरी भुक्तानी दिनु पर्दछ । जनक बहादुर धामीलाई रु ३२८२० भुक्तानी दिएको मा अनुगमन मुल्याङ्कन खर्च बाफत रु ७२५० को भ्रमण आदेश स्वीकृत छैन र विविध खर्च बापतग २५७५० भुक्तानी दिएकोमा बिलभ्ररपाई संलग्न छैन । स्वीकृत भ्रमण आदेश र विलभरपाई बेगर भुक्तानी भएको रकम असुल हुनु पर्दछ रु—. ३२८२० | ३२,८२० |
| ५९ | | | **बिल भरपाई पेश हुनु** | ५९,४०० |

<table>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५)अनुसार लेखा राख्दा विल भरपाई सहित राख्नु पर्नेछ । भौ न १०५/०७८/९/२३ बाट ट्याक्टर खरिद बापत राम बहादुर भण्डारीलाई रु ६००००/- मा अग्रिम कर रु ६००/- कट्टी गरि रु ५९४००/- भुक्तानि दिएकोमा बिल भरपाई संलग्न छैन । बिल भरपाई पेश हुनु पर्दछ अन्यथा उक्त रकम असुल हुनुपर्दछ रु</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>नाफा मुलक संस्थालाई भुक्तानि -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका नाफामूलक संस्थालाई रु ८०००००/- अनुदान उपलब्ध गराएको छ ।
<table>
<tr><td>भौ.न मिति</td><td>अनुदान पाउने संस्थाको नाम</td><td>अनुदान रकम</td></tr>
<tr><td>१८३/०७८/१०/१०</td><td>काल भैरब सहकारी संस्था</td><td>४०००००/-</td></tr>
<tr><td>२३३/०७८/१०/१३</td><td>बाह्रदेव कल्पसदन जडिबुटी प्रशोधन सहकारी संस्था</td><td>४०००००/-</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८०००००/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>फरक शिर्षक वाट भुक्तानी -गो भा न ३१०,३१२ र ३१३ मिति २०७९।०३।२४ मा पालिका र विद्यालयका शिक्षक तथा कर्मचारीहरुको बैशाख देखि अषाढ तेस्रो त्रैमासिक तलब रु ४२५५६५७६/- निकासा गर्दा शिक्षक पारिश्रमिक शिर्षकबाट निकासा गर्नेपर्नेमा निम्न शिर्षक बाट तलब खर्च लेखिएको अनियमित देखिएको रु
<table>
<tr><td>क्र स</td><td>शिर्षक</td><td>रकम</td></tr>
<tr><td>१</td><td>पाठयपुस्तक अनुदान</td><td>४५२६७९/-</td></tr>
</table></td><td>४,१५२,११४</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>विपन्न विद्याथी छात्रवृद्धि</td><td>२७६००००/-</td></tr>
<tr><td>३</td><td>सामुदायिक विद्यालयको पाठयपुस्तक अनुदान</td><td>५२००००/-</td></tr>
<tr><td>४</td><td>सिकाइ सहजिकरणका लागि कार्यक्रम</td><td>४१९४३५/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>
हेभी मेशिन प्रयोग - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमतिलिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : नियमाबलीको व्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।
<table>
<tr><td>भौ.न मिति</td><td>योजना</td><td>मेसिन</td><td>नाम</td><td>भुक्तानि रकम</td></tr>
<tr><td>२६/०७८/९/३०</td><td>बिउनाडा सडक</td><td>स्काभेटर</td><td>रवि कुवँर</td><td>२२६४५८५/-</td></tr>
<tr><td>८९/०७८/११/१</td><td>झापा देउलिकोट सडक निर्माण</td><td>स्काभेटर</td><td>सुनिल लामेछाने</td><td>१०८७४८७/-</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>१६६/०७८/११/८</td><td>ईश्वरकाडाँ निजार सडक</td><td>स्काभेटर</td><td>दमन कुवँर</td><td>७८४०००/-</td></tr></table></td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>अग्रिम कर - आयकर ऐन २०५८ को दफा ८९अनुसार भाँडा बाफत भुक्तानी दिदा १० प्रतिशत अग्रिम कर कट्टी गरी भुक्तानी दिनु पर्ने उल्लेख छ । निम्न भौचर नं. मितिबाट सिजापति अठपाली सडक निर्माण बाफत उपभोक्ता समितिलाई रु १७१०००० भुक्तानी दिएको छ । उक्त भुक्तानीमा १५० घण्टा स्काभेटर प्रतिघण्टा ४००० का दरले रु ६००००० सुवास सिंहलाई भाडा बाफत भुक्तानी दिएको छ । भाडा बाफत भुक्तानी हुँदा सादा कागजमा भरपाई गरी भुक्तानी दिएको छ । भाडा भुक्तानी गर्दा १० प्रतिशत अग्रिम कर कट्टी गरेको छैन अग्रिम कर बाफतको रकम असुल हुनु पर्दछ रु .<br><br><table><tr><td>भौचर नं. मिति</td><td>रकम</td></tr><tr><td>३१८/०७८/१२/२४</td><td>५००००</td></tr><tr><td>३१९/०७८/१२/२४</td><td>९१००००</td></tr><tr><td>३२०/०७८/१२/२४</td><td>३०००००</td></tr><tr><td>जम्मा रकम रु</td><td>१७१००००</td></tr></table></td><td>६०,०००</td></tr>
<tr><td>६४</td><td>३४०</td><td>२०७८-१२-२६</td><td>नापी किताब र कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने - वडा नं. ४ का ६ वटा गाउँमा विद्युतिकरण कार्य गरेको भनि पिपलकोट, बैसेली सोला, भौडार, छानाबगर विद्युत लागत खरिद उपभोक्ता समितिलाई सामान खरिद बाफत रु १२००००० र टोलमा हाउस वाइरिङ्ग गरे वाफत शेर बहादुर भण्डारीलाई रु ६००००० गरी रु १८००००० भुक्तानी दिएको छ । विद्युती कार्यको काम गर्दा लागत अनुमान तयार गरी कार्य गर्नुपर्नेमा लागत अनुमान तयार गरेको पाइएन । हाउस वाइरिङ्ग कुन वडामा कति ब्यक्तिका घरमा वाइरिङ्ग गरियो सो काव विवरण संलग्न छैन । खरिद गरेका सामान उक्त कार्यमा प्रयोग नापी किताब र कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्नेछ । कार्य सम्पन्न प्रतिवेदन पेश भएको छैन रु</td><td>१,८००,०००</td></tr>
<tr><td>६५</td><td>१९०</td><td>२०७८-११-१८</td><td>खर्चमा मितब्ययिता - आधारभुत तहको शिक्षा आयोगको तयारी बापत गत वर्ष भुक्तानि दिन बाकी रकम बेटर सोलुसन प्रा.लि लाई १९०/०७८/११/१८ बाट रु ८७६०००/- भुक्तानि दिइएको छ । गत वर्ष भुक्तानि दिन बाकीको कच्चावारी स्रेस्ता साथ संलग्न छैन । कति जनालाई तालिम दिइने हो सो को विवरण तालिम सञ्चालन गर्दा लाग्ने खर्चको लागत अनुमान, खर्चको नर्मस, सम्झौता सहितका</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>कागजात स्रेस्ता साथ संलग्न छैनन साथै उक्त तालिक सञ्चालन गर्दा प्रतिस्पर्धा अपनाई खर्चमा मितव्ययिता अपनाउनु पर्नेमा प्रतिस्पर्धा समेत भएको देखिएन ।</td><td></td></tr>
<tr><td>६६</td><td>४१८</td><td></td><td>कर कट्टी नभएको - आयकर ऐन २०५८ को दफा ८८र ८९ मा अगेरिम कर कट्टी गर्नु पर्ने ब्यबस्था छ । पालिकाले पिरमे बोहरालाई घरभाडा बापत ४१८/०७९/३/२५ बाट रु २८५००/- भुक्तानि दिइएको छ । उक्त भुक्तानिमा करकट्टी गरेको छैन करकट्टी बाफतको रकम असुल हुनपर्दछ रु</td><td>२,८५०</td></tr>
<tr><td>६७</td><td></td><td></td><td>जिन्सि किताबमा आम्दानि बाध्नु पर्ने - आर्थिक कार्यविधि- तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७.अनुसार खरिद गरेका सामान सात दिन भित्र जिन्सि किताबमा आम्दानि बाध्नु पर्दछ।निम्नानुसार बिद्यालयलाई सामान खरिद वापत रु भुक्तानि दिएको छ। खरिद गरेका सामान बिद्यालयको जिन्सि किताबमा आम्दानि बाध्नु पर्नेमा आम्दानि बाधेको छैन।सामाहरु जिन्सि किताबमा आम्दानि बाधेको प्रमाण पेश हुनु पर्दछ रु
<table>
<tr><th>भौ.न मिति</th><th>विद्यालय</th><th>समान</th><th>परिमाण</th><th>रकम</th></tr>
<tr><td rowspan="4">३७/०७९/२/३१</td><td rowspan="4">कन्या मा.वि बटुलसेरा</td><td>फर्निचर</td><td>नखुलेको</td><td>७०००१/-</td></tr>
<tr><td>ल्यापटप</td><td>४</td><td>२३९९९८/-</td></tr>
<tr><td>डेस्टप</td><td>५</td><td>२९९९९८/-</td></tr>
<tr><td>प्रिन्टर</td><td>१</td><td>२९९९९/-</td></tr>
<tr><td rowspan="3">५४/०७९/३/२१</td><td rowspan="3">कफलसेरी मा.वि</td><td>ल्यापटप</td><td>४</td><td>२३९९९०/-</td></tr>
<tr><td>डेस्टप</td><td>५</td><td>२९९९९८/-</td></tr>
<tr><td>प्रिन्टर</td><td>१</td><td>२९९९९/-</td></tr>
</table></td><td>१,२०९,९८३</td></tr>
<tr><td>६८</td><td></td><td></td><td>कार्य सम्पन्न प्रतिवेदन पेश हुनुहुनु पर्ने - सार्वजनिक खरिद नियावाली २०६४ को नियम १२५ (१) अनुसार कार्य सम्पन्न भए पछि कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने उल्लेख छ । पालिकाले देहाय अनुसारका विद्यालयलाई भवन निर्माण बापत जम्मा रु २४६९०००० । निकासा दिएको छ । निकासा भएको रकम बाट विद्यालयले भवन निर्माण गरेको कार्य सम्पन्न प्रतिवेदन पेश गरेको छैंन । भवन निर्माण गरेको कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्दछ</td><td>२४,६९०,०००</td></tr>
</table>

| क्र स | विद्यालयको नाम ठेगाना | बापत | निकासा रकम |
|---|---|---|---|
| १ | महेन्द्र मा.वि बु न पा १ गैरीज्यावन | ४ कोठे भवन निर्माण | ३४२००००। |
| २ | सिताराम मा.वि बु न पा १० डौड | ४ कोठे भवन निर्माण | ३४२००००। |
| ३ | संगम आ वि बु न पा १ डलान | २ कोठे भवन निर्माण | १७८५०००। |
| ४ | शिव आ वि बु न पा १ चकडा | २ कोठे भवन निर्माण | १७८५०००। |
| ५ | सुर्मा देबि आ वि बु न पा १ कचालि | २ कोठे भवन निर्माण | १७८५०००। |
| ६ | हरिस चन्द्र आ वि बु न पा ३ जुगेपानी | २ कोठे भवन निर्माण | १७८५०००। |
| ७ | सरस्वति मा वि बु न पा ४ बिजगडा | २ कोठे भवन निर्माण | १७८५०००। - |
| ८ | सारदा आ वि बु न पा ४ खिरातडी | २ कोठे भवन निर्माण | १७८५०००। |
| ९ | सत्य मा वि बु न पा ९ तोलिचौर | २ कोठे भवन निर्माण | १७१००००/- |
| १० | राम आ वि बु न पा ९ रारु | २ कोठे भवन निर्माण | १७८५०००। |

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>११</td><td>केदार मा वि बु न पा ९ देउलिकोट</td><td>२ कोठे भवन निर्माण</td><td>१७८५०००।-</td></tr>
<tr><td>१२</td><td>दुर्गा आ वि बु न पा ९ टुमेडा</td><td>२ कोठे भवन निर्माण</td><td>१७८५०००।</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२४६९००००।</td></tr>
</table></td><td></td></tr>
<tr><td>६९</td><td>८४</td><td>२०७९-३-२५</td><td>बिबरण र लगबुक पेश हुनु पर्ने -विइन्धन खरिद बापत हरि आयत स्टोरलाई रु ६८९४७०/- भुक्तानि दिएको छ । खरिद गरिएको तेल कहाँ के काममा कुन साधनमा प्रयोग भयो विवरण लगबुक स्रेस्तासाथ पेश हुनु पर्नेमा विवरण र लगबुक पेश भएको छैन रु.</td><td>६८७,४७०</td></tr>
<tr><td>७०</td><td>३६२</td><td>२०७९-२-१०</td><td>कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने -बिजगडा स्थित बेलिब्रिज पुल मर्मत बापत सुनाम इन्फारस्टक्चर प्रा.लि लाई रु २००००००/- भुक्तानि दिएको छ । कुल लागत अनुमान रु ४०३७९८५/- रहेकोमा पालिकाले रु २००००००/- र इन्फारस्टक्चर कम्पनिले रु २०३७९८५ व्यहोर्ने गरी मिति २०७८/१२/०२ सम्झौता भएको छ । सम्झौता अनुसार पालिकाको तर्फबाट रु २००००००/- भुक्तानि भएको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५(१) अनुसार उक्त कामको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्नेमा कार्य सम्पन्न प्रतिवेदन पेश भएको छैन । कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्दछ रु</td><td>२,०००,०००</td></tr>
<tr><td>७१</td><td>३६२</td><td>२०७९-२-२०</td><td>मु अ कर सममायोजन प्रमाण पेश - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले सुनाम ईन्फ्रास्ट्रक्चर निर्माण प्रा लि लाई रु २००००००। (४५६२८७२। की बिलमा)भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु १५७४७९।..कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । उक्त रकमको मु अ कर सममायोजन प्रमाण पेश हुनु पर्दछ रु</td><td>१५७,४७९</td></tr>
<tr><td>७२</td><td></td><td></td><td>बिल भरपाई नभएको - आर्थिक कर्यीबिधि तथा बित्तिय उत्तर दायित्व नियमावलि २०७७ को नियम ३९(५) अनुसार लेखा राख्दा बिल भरपाई सहित राखु पर्दछ।निम्न भौ न मितिबाट निम्नानुसारका फर्मलाई भुक्तानि भएको रकमको बिल भरपाई बिना भुक्तानि दिएको छ। बिल भरपाई बेगर भुक्तानि भएको असुल हुनु पर्दछ रु<br><table>
<tr><th>भौ न मिति</th><th>भुक्तानि पाउने</th><th>वापत</th><th>रकम</th></tr>
<tr><td>८५।०७९।३।२६</td><td>ग्रामिण सुधार तथा जनचेतना समाज</td><td></td><td>१०००००।</td></tr>
</table></td><td>२४०,०००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>८१।०७९।३।२५</td><td>दुर्गा देबि कुवर</td><td>अनुगमन</td><td>१०००००।</td></tr>
<tr><td>५०।०७९।३।२०</td><td>हर जित बोहरा</td><td></td><td>४००००।</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२४००००।</td></tr>
</table></td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>जिन्सि किताबमा आम्दानि नबाधेको -आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियमावली २०७७ को नियम खरिद गरेका जिन्सि सामानहरु सात दिन भित्र जिन्सि किताबमा आम्दानि बाध्नु पर्दछ। पालिकाले निम्न भद न मितिबाटदेहाय अनुसारका समान खरिद वापत रु खर्च लेखेके छ। खरिद गरेका सामानहरु पालिकाको जिनेसि किताबमा आम्दानि बाध्नु पर्नेमा आम्दानि बाधेको छैन।जिन्सि किताबमा आम्दानि नबाध्दा सामान खरिद गरेको एकिन हुन सकेन रु<br><br><table>
<tr><td>भौ न मिति</td><td>फर्मको नाम</td><td>बिबरण</td><td>रकम</td></tr>
<tr><td>४२५।०७९।३।२५ न पा पुजिगत</td><td>ब्यास ब्रदर्श</td><td>८ किसिमका कार्यालय सामान</td><td>५९७००।</td></tr>
<tr><td>७४।०७९। ३।२५ सं स ह</td><td>दुर्गा जनरल स्टोर</td><td>१९ किसिमका कार्यालय सामान</td><td>४९९७४१।</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>५५९४४१।</td></tr>
</table></td><td>५५९,४४१</td></tr>
<tr><td>७४</td><td>४२६</td><td>२०७९-३-२५</td><td>बढि भुक्तानि -सानिगाड कलेभर्ट निर्ममाणका लागि रु २२७१५००। को लागत अनुमान तयार भएको छ। उक्त लागत अनुमानमा न पा ले रु रु १९०००००। र उ स ले रु ३७१५००। ब्यहोर्ने गरि संझौता भएको छ।कलेभर्ट निर्ममाणको काम रु १३७३५६२। भएको छ। तत् पश्चात काम नभई योजना अधुरो रहन गएको छ।पालिकाले उ स लाई रु १२७३५६३। भुक्तानि दिएको छ। संझौता अनुसार रु१२७३५६३। को काम गरेमा रु११४८९१८। भुक्तानि दिनु पर्ने हुन्छ । बढि भुक्तानि भएको रकम असुल हुनु पर्दछ</td><td>१२४,६४४</td></tr>
<tr><td>७५</td><td></td><td></td><td>वैक नगदी कितावमा मेल नखाएको -वैक नगदी कितावमा मेल नखाएको :- ससर्त चालु तर्फ पालिकाको लेखा परीक्षणको अवधिमा पेश भएको )प्रिन्टेड) वैक नगदि कितावमा गो भौ संख्या ३७५ व ख ३५४३३२१६९।०३ देखाएको छ । लेखापरीक्षण पछी पालिकाले हिसाव समायोजन )हिमि) पछी गो भौ संख्या ४१२ व ख ३५६५०७१६९ )सुत्रले देखाए अनुसार) देखाएको छ । हि मि गर्दा ब ख को अंक वढेको विषयमा यकिन हुन सकिएन</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>सोध भर्ना भुक्तानिः</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>वडा नं ४ का वडा सचिव श्री रबिना चौधरीलाई वडा सञ्चालन खर्च बापत भौ.न ७४/०७८/९/६ मा रु ६०५९५५/- भुक्तानि दिएकोमा निम्नानुसार देखियो ।</td><td></td></tr>
<tr><td>७६.१</td><td></td><td></td><td>(क) भ्रमण खर्च नियमावली २०६४ को नियम ३ अनुसार भ्रमण गर्दा भ्रमण आदेश स्वीकृत गराई भ्रमण गर्नु पर्ने उल्लेख छ । वडा सचिव श्री रबिना चौधरीले ४ पटक धनगढी र ४ पटक चैनपुर भ्रमण गरेको भनि रु ८५०००/- भुक्तानि दिएको छ । स्वीकृत भ्रमण आदेश बिना भुक्तानि दिएको रकम असुल हुनु पर्दछ रु ८५०००</td><td>८५,०००</td></tr>
<tr><td>७६.२</td><td></td><td></td><td>ख) वृद्ध वृद्धालाई ब्लाङ्केट बितरण गर्न भनि १०८ थान ब्लाङ्केट खरिद बापत रु १७०८५६ खर्च लेखिएको छ । खरिद गरिएको ब्लाङ्केट वृद्ध वृद्धालाई बितरण गरेको वितरण भर्पाइ स्रेस्ता साथ संलग्न छैन । वितरण भर्पाई पेश हुनु पर्दछ रु</td><td>१७०,८५६</td></tr>
<tr><td>७७</td><td></td><td></td><td>मापदण्ड वेगर अनुदान- स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । व्यक्ति वा संस्थालाई दिइने अनुदान निश्चित मापदण्डमा आधारित हुनु पर्दछ । तर पालिकाले देहायका नाफामूलक प्रकृतिका संस्थालाई सोझै अनुदान रकम उपलव्ध गराएको देखियो । निश्चित मापदण्ड विना छनौट भएका व्यक्ति वा संस्थालाई दिइने अनुदान खर्चमा प्रभावकारी नियन्त्रण हुनु पर्दछ ।
<table>
<tr><th>भौ नं.</th><th>मिति</th><th>अनुदान पाउने संस्था वा व्यक्तिको नाम</th><th>रकम रु</th></tr>
<tr><td></td><td></td><td>न्यू आटा बाग फुड एण्ड प्रोडक्ट</td><td>२०००००।००</td></tr>
<tr><td>८९९</td><td>०७९।०३।२४</td><td>कफलसेरी कृर्षी सहकारी सँस्था</td><td>५००००।००</td></tr>
<tr><td>499</td><td>078.12.2</td><td>सरस्वती सप्लार्यस एण्ड उधोग</td><td>२०००००।००</td></tr>
<tr><td>६१४</td><td>०७९।०१।१९</td><td>शुसान्त चप्पल उधोग</td><td>२०००००।००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>६५००००।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>७८</td><td></td><td></td><td>कार्यसम्पन्न प्रतिवेदन</td><td>८६८,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को ५ बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ । ३५।०७८।८।२१ मा महादेव आधारभूत विधालयलाइ २ कोठे ब्लक भवन निर्माणकार्य वापत रु ८६८०००।०० भुक्तानि दिएकोमा सो कार्यलाइ पुष्ट्याइ गर्ने कार्यसम्पन्न प्रतिवेदन, प्राविधिक नाप जाँज, प्रमाणित डोर हाजिरी लगायतका कागजात संलग्न नदेखिएकोले सो को प्रमाण पेश हुनुपर्ने रु ८६८०००।०० | |
| ७९ | | | **प्रमाण पेश** - ६७९।०७९।०२।१९ मा अर्थ मन्त्रालयले जारी गरेको कार्य संचालन निर्देशिका,२०७३ को वुदा न ३ को ग अनुसार नगरस्तरमा हुने शिप विकास तालिम कार्यक्रममा कक्षा संचालन वापत रु७०० (वाहिरी स्रोत व्यक्तिको हकमा ३० कार्य दिन सम्म सहायक स्तरको ) प्रशिक्षकलाइ प्रशिक्षक भत्ता वापत दिने व्यवस्था रहेको छ। त्यसै गरी आवधिक रुपमा स्रोत व्यक्तिको व्यवस्था गर्दा एउटा तालिममा दुइजना (दुवै मुख्य वा एक जना मुख्य र एक जना सहायक ) राख्नु पर्दछ भन्ने व्यवस्था रहेकोमा पालिका वाट आरन व्यवस्थापन तालिम कार्यक्रमका लागी दलित अधिकार तथा समाज विकास केन्द्र सँग सम्मझौता गरी कार्य भएकोमा देखिएको व्यहोरा निम्नानुसार छ ।<br><br>मिति २०७८।१०।२८ मा २० जनालाइ १ महिनाको तालिमका लागी रु ५ लाख र २०७८।१२।१० मा १० जनालाइ १५ दिनको तालिमका लागी २ लाख व्यहोर्ने गरी सम्झौता भएकोमा उक्त तालिम कार्यक्रम कहिले देखी कहिले सम्म,कति वटा समूहमा सञ्चालन भयो,सहभागीहरुको दैनिकी हाजिरी ,प्रशिक्षकको कक्षा सञ्चालनको समयावधि खुलेको प्रमाणित हाजीरी ,प्रशिक्षकको भत्ता वुझेको भरपाइ,वडा न ९,१० र ११ वडाका जम्मा ३० जना सहभागि भनिएकोमा कुन कुन वडा वाट कति जना सहभागी समावेश भएको हो वडाको शिफारिस कागज लगायत उक्त कार्यलाइ पुष्ट्याइ गर्ने कागजात पेश नभएको सो को प्रमाण पेश हुनु पर्ने रु ७०००००।०० | ७००,००० |
| ८० | | | **भुक्तानी दिन वाकीको कच्चावारी** - भुक्तानी दिन वाकीको कच्चा वारी आर्थिक कार्यविधि नियमावली २०६४ नियम ४० अनुसार भुक्तानि दिन वाकीको कच्चावारी प्रमाणित गराएर अघिल्लो आ ब को भुक्तानि गर्न सकिने व्यवस्था छ । पालिकाले गत वर्षको कोराना व्यवस्थापनामा खटिएका कर्मचारीहरुको खाना खाजा वापतको खर्च रकम भुक्तानी गर्दा भुक्तनी दिन वाकीको कच्चावारी प्रमाणीत नगरी खर्च गरेको रु १४८९५०।०० | १४८,९५० |
| ८१ | | | **भ्रमण भत्ता** -गत आ. व को भ्रमण भत्ता भुक्तानीः सार्वजनिक खरिद नियमावली २०६४ नियम १२३(१ घ) अनुसार खरिद सम्झौता अनुसार कार्य सम्पादनको आधारमा र आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ को ३ बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ।८५६।०७९।३।२१ मा अ.हे.व शिव वहादुर खडायत लाइ मिति २०७८।३।२१ देखी ०७८।३।२५ सम्म स्वास्थ्य कार्यालय वझाङ गएको भनी रु ८०१०।०० र मिति २०७८।३।१३ देखी ०७८।३।१७ सम्म चैनपुर गएको भनी रु २४८००।०० गरी जम्मा रु ३२८१०।०० गत आ. व को भ्रमण भत्ता भुक्तानि दिएको कानून सम्मत नभएकोले सम्वन्धित कर्मचारी वाट असुल हुनुपर्ने रु ३२८१०।०० | ३२,८१० |
| ८२ | | | **वढी भुक्तानि** - सम्झौता भन्दा वढी भुक्तानि सार्वजनिक खरिद नियमावली २०६४ नियम १२३(१ घ) अनुसार खरिद सम्झौता अनुसार कार्य सम्पादनको आधारमा र आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ को ३ बमोजिम आवस्यक प्रमाण | २००,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | कागजात सहित भुक्तानी गर्नु पर्दछ।५५७।०७८।१२।२४ मा जनता सँग मेयर कार्यक्रम अन्तर्गत जर्सी गाइ खरीद गरी किसानलाइ वितरण गर्ने कार्यक्रम अन्तर्गत रु ५ लाख वजेट विनियोजन भएकोमा उक्त कार्यका लागि काल भैरव कृर्षि सहकारी संस्था सँग २०७८।१०।०६ मा सम्झौता भएको छ। सम्झौताको वुदा न २ मा जर्सी गाइ खरिद गर्दा कृषक वा व्यवसायीले करिव ५० प्रतिशत लागत व्यहोर्नुपर्ने छ साथै कृषक व्यवसायीहरुले तत्काल उपलव्ध गराउन नसकेमा काल भैरव कृर्षि सहकारी संस्थाले व्यहोर्नु पर्ने व्यवस्था रहेको छ।पालिका वाट ५ वटा गाइ राधिका पशु पालन फार्म वाट रु ४ लाखमा खरिद गरेको हस्ते कागज पेश भएको छ ।मिति २०७८।१०।१९ मा ५ जना कृषकलाइ वितरण गरेको भरपाइ पेश भएकोमा पालिकाले सहकारी संग गरेको सम्झौता वमोजिम ५० प्रतिशत अंश सहकारीले नव्यहोरेको ले रु २०००००।०० सम्वन्धित सहकारी वाट असुल हुनुपर्ने रु २०००००।०० | |
| ८३ | १०४ | २०७८-९-२३ | **नापि किताव पेश हुनुपर्ने** -भुक्तानि दिदा रित पुगे नपेगेको एकिन गरि भुक्तानि दिनु पर्दछ ।HDPE-NS १६ पाइप ८१०० मिटर खरिद बापत रु २९९७६०/- खर्च लेखेको छ । खरिद गरेको पाइपको वितरण भरपाई वा प्रयोग भएको नापी किताब स्रेस्ता साथ संलग्न छैन । वितरण भरपाई वा प्रयोग भइको नापि किताब पेश हुनु पर्दछ रु——.. २९९७६० | २९९,७६० |
| ८४ | | | **प्रमाण पेश हुनुपर्ने** -वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को ५ बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ।३९८।०७८।११।१२ मा गर्भवती सुत्केरी महिला सँग उपमेयर पोषण कोसेली कार्यक्रम अन्तर्गत जयमाता मनकामना सप्लार्यस वाट ४९० थान रु ७०७.९६ का दरले मु अ कर समेत रु ३९१९९७।४५ भुक्तानि दिएकोमा उक्त सामान सुत्केरी महिलालाइ वितरण गरेको भरपाइ सँलग्न नरहेकोले सो को प्रमाण पेश हुनु पर्ने रु ३९१९९७।४५ | ३९१,९९७ |
| ८५ | | | **प्रमाण पेश** - आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को ५ बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ ।८५।०७८।९।७ मा धन वहादुर विष्ट लाइ अनुगमन खर्च वापत भनी रु ५००००।०० भुक्तानि दिएकोमा सो कार्यालाइ प्रमाणित गर्ने कुनै पनि कागजात भौचार मा संलग्न नरहेकोले सो को प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु ५००००।०० | ५०,००० |
| ८६ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्विकृत दरवन्दिका शिक्षकको तलव सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । वित्तिय समानिकरण अनुदानको रकमवाट विद्यालयलाई शिक्षकको तलव भत्ताको लागी अनुदान दिन मिल्ने व्यवस्था देखिदैन । पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगत देखिनै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट तलब भत्ता भुक्तानी गरेको नियमसंमत नदेखिएको रु | ७,०००,००० |
| ८७ | | | **सेनिटरी प्याड** : सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनिटरी प्याड निशुल्क उपलब्ध गराउन ३ वटा फर्मवाट शिलवन्दी दरभाउ पत्र पेश भएकोमा अपि साइपल ट्रेड एण्ड सप्लार्यस धनगढि लघु उधोगलाइ प्रति पकेट रु.५६।३८ का दरले ५०००० प्याकेटको रु. २८१९३५०।०० (मूअकर समेत) भुक्तानी गरिएको छ। | |

<table>
<tr><td>८७.१</td><td></td><td></td><td>सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६दफा ५ वमोजिम उपलव्ध सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राखी सामदायिक विधालयले छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अधावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी कार्यक्रमको कार्यान्वयनको प्रगति विवरण मन्त्रालयले तोकेको ढाँचामा चौमासिक रुपमा विधालयले स्थानिय तहमा र स्थानिय तहले प्रदेश सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा लेखापरीक्षणको क्रममा यस सवन्धमा कुनै प्रगति विवरण प्राप्त नभएको हुदा यस तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>८७.२</td><td></td><td></td><td>कार्यालयले वर्षभरी विद्यार्थीलाई सेवा दिन खरिद गर्ने प्याड आर्थिक वर्षको अन्तमा अर्थात जेठ ३१ मा खरिद गरेकोले लक्षित उद्देश्य पुरा हुने देखिएन ।</td><td></td></tr>
<tr><td>८७.३</td><td></td><td></td><td>पालिकाले उक्त सेनिटरी प्याड विभिन्न सामुदायिक विद्यालयलाइ मिति २०७८।३।९ देखी ०७९।३।१६ सम्ममा ५०००० प्याकेट वितरण गरेको देखीन्छ ।</td><td></td></tr>
<tr><td>८८</td><td></td><td></td><td>योजना र कार्यान्वयन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहाय अनुसार छन्:
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th></tr>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमको योजना</td><td>२५३</td></tr>
<tr><td>२</td><td>रु एक लाख एक देखि पाँच लाख सम्मका योजना</td><td>३२१</td></tr>
<tr><td>३</td><td>रु ५ लाख देखि १० लाख सम्मका योजना</td><td>३०</td></tr>
<tr><td>४</td><td>दश लाख एक देखि ५० लाख सम्मका योजना</td><td>२४</td></tr>
</table>
</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ८९ | | | **समिति गठन** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको/समिति गठन भएतापनि ८ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| ९० | | | **कार्य योजना** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ९१ | | | **विपद् व्यवस्थापन कोष** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु. १०८९२८७।०० आम्दानि भएकोमा बाँकी रु.१०८९२८७।०० देखिन्छ । विपद् व्यवस्थापन कोष सञ्चालनको प्रभावकारी सञ्चालन एव व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| ९२ | | | **वार्षिक प्रतिवेदन** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ९३ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन ।पालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ । | |
| ९४ | | | **पेश्की बाकीः** - आर्थिक वर्षको अन्त्य सम्म वाकी रहेको देहाय अनुसारको पेश्की फछ्यौट हुनुपर्दछ। | ९,८१०,००० |

| व्यक्ति फर्म को नाम | वापत | म्याद नागेको | म्याद नानागेको |
|---|---|---|---|
| बुन्गल नगरपालिका अपांग संघ | अपांग संरक्षण कार्यक्रम | 400000 | |
| बाल विकास प्रा वि | टंकी निर्माण र पाइप खरिद | 400000 | |
| अमृत कन्सट्रकसन् | वडा कार्यालय नि वडा न ६ | | 1150000 |
| श्री सरस्वति मा वि | केन्द्र बाट छनौट भएका नमुना विद्यालय प्राविधिक विद्यालयको ल्याब ब्यबस्थापन | 500000 | |
| वाई आर हटेराज जे वि | नगरपालिका भवन नि | | 4000000 |
| महेन्द्र मा वि | महेन्द्र मावि भवन नि | 1400000 | |
| केदार मा वि | शान्ती मन्त्रालय अन्तरगत केदार मा वि भवन | 700000 | |
| संगम प्रा वि डलान | ब्यबस्थापन | 90000 | |
| देउली डांडा देखि धन्ति सडक खण्ड उ स | देउली डाँडा देखि धन्ति सडक नि | 60000 | |
| माँजा गाँउ देखि मल्ला तुमेडा सम्म पी सि सि बाटो उ स | माँजा गाँउ देखि मल्ला तुमेडा सम्म पी सि सि बाटो | 270000 | |
| जोगेनी पन्यार खोला खा पा नि उस | जोगेनी पन्यार खोला खा पा नि उस | 120000 | |
| बिराबगर देखि डिल हुदै डिलखोचा तम्तोली सडक उस | बिराबगर देखि डिल हुदै डिलखोचा तम्तोली सडक उस | 850000 | |
| गणेश पुरी | असहाय वृद्धि एकल महिला जेष्ठ नागरिक सम्मान कार्यक्रम | 20000 | |
| गणेश खडायत | मेसिनरी तथा औजार मर्मत | 100000 | |

| | | | |
|---|---|---|---|
| डम्मर बहादुर धामी | कोरोना नियन्त्रण | 40000 | |
| धन ब खड्का | न्यायिक समिति व्यबस्थापन खर्च | 300000 | |
| रमेश कार्की | सभा संचालन खर्च | 600000 | |
| दान ब सुर्मेली | घर भाडा | 300000 | |
| अम्मर ब बोहरा | बिबिध कार्यक्रम खर्च गोष्ठी संचालन समेत | 500000 | |
| बिनोद ब सिंह | सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठी | 480000 | |
| डम्मर ब धामी | महिला सुरक्षित आवास गृह नि सेफ हाउस | 130000 | |
| डम्मर ब धामी | सडक मर्मत तथा स्तर उन्नति | 200000 | |
| डम्मर ब धामी | बिउनाडा सडक खण्ड नि | 125000 | |
| डम्मर ब धामी | टाक्सी गाड देखि सारदा मावि थाल्काट हुदै धौलकाडा सम्म सडक | 100000 | |
| डम्मर ब धामी | वडा कार्यालय नि वडा न ६ | 125000 | |
| डम्मर ब धामी | नगरपालिका भवन नि | 500000 | |
| अक्कल ब बिस्ट | gpe को सहयोग मा कोभिड - १९ का कारण उत्पन्न परिस्थिमा सिकाइ सहजीकरणका लागि कार्यक्रम | 500000 | |
| लोकेन्द्र ब बिस्ट | जनता संग मेयर कार्यक्रम खर्च | 200000 | |
| अक्कल ब बिस्ट | कर्मचारीको बैठेक भत्ता | 300000 | |
| रमेश ब कार्की | सभा संचालन खर्च | 500000 | |
| कुमार अमृत ज्वोईन भ्युचर | १५ सैया अस्पताल नि स्वास्थ्य पूर्वाधार | | 18800000 |
| | जम्मा | 9810000 | 23950000 |

| | | | | |
|---|---|---|---|---|
| ९५ | | | **आन्तरिक लेखपारिक्षण वाट देखिएको व्यहोरा**<br><br>दोहोरो सामाजिक सुरक्षा भत्ता वितरण भएको रु ३९९८० असुल हुनुपर्दछ । | ३९,९८० |

| वडा न | दोहोरो परेको नाम | भुक्तानि रकम |
|---|---|---|
| वडा न १ सुवास वोहरा | दिपा कुमारी वोहरा | १५९६ |
| | सुरज वि क | १५९६ |
| वडा न ३ लक्ष्मि भक्त जोशी | मेनुका वोहरा | १५९६ |
| वडा न ४ शिवराज जोशि | करे कुवर | ८००० |
| | कृष्ण दत्त जोशी | १२००० |
| | निसा कार्कि | १५९६ |
| | सन्दिप कार्कि | १५९६ |
| वडा न ९ जय धन सिंह | धौलि विष्ट | १२००० |
| जम्मा | | ३९९८० |